# विदेशी बासिन्दाहरू प्रति

◆ तपाईंले आफ्नो निवासी करलाई तोकिएको मिति भित्र तिर्नुपर्ने हुन्छ। यदि भुक्तानी थपिदैं गयो भने, त्यसमा जरिवाना थपिनेछ। यदि तपाईँलाई पठाइएको अनुस्मारक (*तोकुशोकुजो*) पछि पनि भुक्तानी गरिएन भने तपाईँको सम्पत्तिलाई जफत गर्न सकिन्छ।

## भुक्तानी गर्न सकिने ठाउँ

**भुक्तानी स्लिप** प्रयोग गरेर बैंक र हुलाक कार्यालयहरू, सुविधा स्टोर (*कोम्बिनी*) हरू, नगरपालिका कर कार्यालय, वार्ड कार्यालय र शाखा कार्यालयहरू, र सिटी हलबाट निवासी करको भुक्तानी गर्न सकिन्छ।

## सोधपुछ

यदि तपाईँको केहि प्रश्न छ भने कृपया कुनै जापानी बोल्ने-बुझ्ने व्यक्तिलाई तपाईको वार्डको प्रभारी नगरपालिका कर कार्यालयमा गई तपाईको तर्फबाट सोधपुछ गर्न आग्रह गर्नुहोस्।

| तपाईंको निवासको वार्ड | फोन नम्बर | नगरपालिका कर कार्यालय प्रभारी |
|---|---|---|
| चिकुसा, हिगाशी | 052-959-3303 | साकाए नगरपालिका कर कार्यालय<br>(आठौं तल्ला, एन्. एच. के नागोया प्रसारण केन्द्र बिल्डिङ्ग)<br>1-13-3 हिगाशी साकुरा, हिगाशी-कु, नागोया |
| नाका, मोरियामा | 052-959-3304 | |
| किता, मेइतो | 052-959-3323 | |
| निशी | 052-433-4021 | होनजीन नगरपालिका कर कार्यालय<br>(चौथो तल्ला, नाकामुरा वडा कार्यालय तथा विभिन्न सरकारी कार्यालय रहेको सरकारी भवन)<br>1-23-1 माचुबारा-च्योउ, नाकामुरा-कु, नागोया |
| नकामुरा, मिनातो | 052-433-4022 | |
| नाकागावा | 052-433-4023 | |
| आचुता, तेम्पाकु | 052-324-9804 | कानायामा नगरपालिका कर कार्यालय<br>(मेइतेचु मासाकी दाईइची बिल्डिङ्ग)<br>3-5-33 मासाकी, नाका-कु, नागोया |
| शोवा, मिनामी | 052-324-9805 | |
| मिजुहो, मिदोरी | 052-324-9828 | |

---

**【नागोया अन्तर्राष्ट्रिय केन्द्र (सार्वजनिक चासो समावेशी फाउन्डेसन)】**

**फोन :** 052-581-0100 **वेबसाइट:** https://www.nic-nagoya.or.jp/

नागोया अन्तर्राष्ट्रिय केन्द्रले सूचना काउन्टरमा गैर-जापानी निवासीहरूका लागि सामान्यतया प्रशासनिक मामिलामा निःशुल्क परामर्श प्रदान गर्दछ।

◆ **गैर-जापानी निवासीहरूको लागि प्रशासनिक परामर्श भिन्न भाषामा उपलब्ध छ:**
अंग्रेजी, पोर्चुगीस, स्पेनिश, चिनियाँ, कोरियन, फिलिपिनो, भियतनामी र नेपाली

◆ **ईमेल द्वारा सोधपुछ:**

| | | | |
|---|---|---|---|
| जापानीज, अंग्रेजी | info@nic-nagoya.or.jp | कोरियन | hangul@nic-nagoya.or.jp |
| पोर्चुगीस | portugues@nic-nagoya.or.jp | फिलिपिनो | filipino@nic-nagoya.or.jp |
| स्पेनिश | espanol@nic-nagoya.or.jp | भियतनामी | tieng-viet@nic-nagoya.or.jp |
| चिनियाँ | zhongwen@nic-nagoya.or.jp | नेपाली | nepali@nic-nagoya.or.jp |

≪भुक्तानीपुर्जी आदिको प्रयोग गर्ने तरिका≫

① कृपया भुक्तानीपुर्जीमा लेखिएको विषय जाँच गर्नुहोस्।




मिसिनलाइन भन्दा तलको भागलाई 「भुक्तानीपुर्जी अंश」 भनिन्छ।

यदि यहाँ बार कोड छ भने, कोनिबिनिएन्स स्टोरबाट पनि भुक्तानी गर्न सकिन्छ।

② भुक्तानी गर्दा, मिसिनलाइनबाट कर भुक्तानी सूचना र भुक्तानीपुर्जीको अंशलाई अलग गरि भुक्तानीपुर्जीको अंश भुक्तानी गर्न सकिने ठाउँको काउन्टर सम्म लैजानुहोस् ।

भुक्तानी पुर्जीको अंशलाई तिर्न सकिने ठाउँको काउन्टर सम्म लिएर आउनुहोला।




＊ भुक्तानीपुर्जीको अंश मिसिनद्वारा प्रक्रिया गर्ने हुनाले कृपया फोहर बनाउने तथा बंगाउने कार्य नगर्नुहोला, कृपया ध्यान दिनुहोला।

③ कृपया भुक्तानी पछि रसीद सुरक्षित ठाउँमा राख्नुहोस्।

भुक्तानीपुर्जी अंश




※ यस भुक्तानीपुर्जी अप्रिल 2023 को ढाँचा हो।

एक पटक तिर्ने कर रकम हो।
यस रकम, तल्लो दायाँ भागमा लेखिएको भुक्तानी अवधि सम्म तिर्नुहोला।